# ☛सार्वजनिक निकायका काम कारबाहीलाई पारदर्शी बनाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६०

**प्रस्तावनाः** श्री ५ को सरकार, श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको सार्वजनिक संस्था लगायत अन्य सार्वजनिक निकायहरुको काम कारबाहीलाई पारदर्शी तुल्याई स्वच्छ, सरल तथा छिटो तरिकाबाट सर्वसाधारण जनतालाई सुविधा उपलब्ध गराई देशको दीगो आर्थिक विकाससंग सम्बन्धित कार्यलाई सुचारु रुपले सम्पन्न गर्नको लागि आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाह देव**को शासन कालको तेश्रो वर्षमा संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम "सार्वजनिक निकायका काम कारबाहीलाई पारदर्शी बनाउने ऐन, २०६०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **नियम बनाउने वा आदेश जारी गर्ने अधिकार** : श्री ५ को सरकार, श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको सार्वजनिक संस्था लगायत अन्य सार्वजनिक निकायहरुको काम कारबाहीलाई पारदर्शी तुल्याई स्वच्छ, सरल तथा छिटो तरिकाबाट सर्वसाधारण जनतालाई सुविधा उपलब्ध गराई देशको दीगो आर्थिक विकाससंग समबन्धित कार्य गर्नका लागि श्री ५ को सरकारले आवश्यकता अनुसार नियमहरु बनाउन वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ।

३. **सजाय** : यस ऐन अन्तर्गत बनेको नियम वा आदेशको उल्लंघन गर्ने अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय सजाय हुन सक्नेछ।

☛ आयोगले २०६० मा सरकारमा पेश गरेको मसौदा।